ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Province No. 3, Nepal

Lalitpur Metropolitan
Pulchowk, Lalitpur
2017

मिति: २०७६।१२।१६

# प्रेस विज्ञप्ती

नेपाल सरकार गृह मन्त्रालयको मिति ०७६।१२।१६ को १०(दश) बुँढे प्रेस विज्ञप्ती अनुसार कोरोनाको महामारीका समयमा दैनिक रोजगारीको अभावमा दैनिक जिवन गुजारा चलाउन जोखिममा परेका व्यक्तिहरुलाई खाद्यान्न सामाग्री राहत विभिन्न संघसंस्था एवं गै.स.स. बाट सोझै उपलब्ध गराउन नपाईने भएको व्यहोरा जानकारी गराउदछौ । राहत सामाग्री उपलब्ध गराउदा अनिवार्य रुपमा महानगरपालिकाका सम्बन्धित वडा कार्यालयबाट मात्र उपलब्ध गराउन हुन सबैको जानकारीको लागि जानकारी गराईन्छ । यस बमोजिम राहत वितरण नगरी सोझै गरिएको पाइएमा सम्बन्धित वडा अध्यक्ष, वडा सदस्यहरुले कानून बमोजिम नजिकको वडा प्रहरी कार्यालय वा जिल्ला प्रशासन कार्यालयमा आवश्यक कारवाहीको लागि खबर गर्नुहुन अनुरोध छ ।

..........................................

प्रेम प्रसाद भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
# गृह मन्त्रालय
फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:

## प्रेस विज्ञप्ति

आज मिति २०७६/१२/१६ गते माननीय गृहमन्त्री राम बहादुर थापा 'बादल' ज्यूको अध्यक्षतामा आपूर्ति व्यवस्थापनलाई सहज बनाउने विषयमा बैठक बसी छलफल भयो । उक्त छलफलमा गृह मन्त्रालय र उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवज्यूहरु, महानगरपालिका तथा नगरपालिकाका प्रमुखज्यूहरु लगायतको उपस्थिति रहेको थियो । उक्त बैठकले गरेका देहाय बमोजिमका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्नु गराउनु हुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

### निर्णयहरु

१. आपूर्ति व्यवस्थापनको नेतृत्व सबै स्थानीय तहले लिने ।
२. बिक्री वितरण गर्दा न्यूनतम १ मिटरको दुरी कायम गर्ने (Social Distancing) गरी स्थानीय तहले मापदण्ड बनाउने ।
३. आपूर्ति व्यवस्थापनलाई सहज बनाउन प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा स्थानीय प्रहरीको प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने ।
४. वडास्तरीय समितिले आफ्नो वडा भित्र रहेका हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुको लगत संकलन गर्ने ।
५. स्टोर वा बिक्रेताले बिक्री गर्दा न्यूनतम दैनिक उपभोग्य वस्तुहरु रहने गरी Combo Package बनाई बिक्री वितरण गर्ने ।
६. हालको स्थितिमा रोजगारीको अभावमा गुजारा चलाउन नसक्ने व्यक्तिहरुलाई वडास्तरीय समितिले सहयोग स्वरुप न्यूनतम दैनिक उपभोग्य वस्तुहरुको Package उपलब्ध गराउने । सहयोगको Package बनाउँदा ४ जना सम्म सदस्य भएको परिवार र ४ जना भन्दा बढी सदस्य भएको परिवारलाई पुग्ने गरी २ प्रकारको बनाउने ।
७. कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क राख्नुपर्ने। स्थानीय तहले तोकेको मापदण्ड अनुसारका सहयोग सामग्रीहरु भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समिति मार्फत वितरण गर्ने । सो को विवरण अनिवार्य रुपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने ।
८. सहायताको नाममा कसैले पनि चन्दा उठाउन वा आफुखुसी सहायता वितरण गर्न नपाउने ।
९. वितरणमा दोहोरोपना हुन नदिने ।
१०. उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दैनिक उपभोग्य वस्तुहरुको मौज्दात नियमित रुपमा अद्यावधिक गरी सार्वजनिक गर्ने ।

मिति: २०७६।१२।१६

केदारनाथ शर्मा
सह सचिव/प्रवक्ता